(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

**६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोग :** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १५ क

### नगरस्तरीय सहकारी विकास समिति सम्बन्धी व्यवस्था

**६८(क) नगरस्तरीय सहकारी विकास समिति** : सहकारी संस्था दर्ता प्रर्वद्धन, एकीकरण, नियमन, विभाजन, व्यवस्थापन लगाएत सुशासनसँग सम्वन्धीत बिषयमा आवश्यक निती योजना कार्यक्रम र सुझाव दिन देहायबमोजिमको एक नगरस्तरीय सहकारी विकास समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) नगरपालिकाको प्रमुख | - | अध्यक्ष |
| (ख) नगरपालिकाको उपप्रमुख | - | उपाध्यक्ष |
| (ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) नगर कार्यपालिकाको सहकारी सम्बन्धी बिषय हेर्ने समितिको संयोजक | - | सदस्य |
| (ङ) सहकारी संस्थाहरुको अध्यक्षहरु मध्येबाट एक जना महिलासहित प्रमुखले मनोनित गरेको दुई जना | - | सदस्य |
| (च) सहकारीको क्षेत्रमा विशेष योगदान गरेको वा कानुनी क्षेत्रमा अनुभव प्राप्त गरेको वा समाजसेवी मध्येबाट एक जना महिलासहित प्रमुखले मनोनित गरेको दूई जना | - | सदस्य |
| (छ) नगरपालिकाको सहकारी सम्बन्धी बिषय हेर्ने शाखा प्रमुख | - | सदस्य सचिव |

(२) नगरस्तरीय सहकारी विकास समितिको कार्यालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

(३) नगरस्तरीय सहकारी विकास समितिको बैठक सम्पुर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक कम्तिमा बर्षको चार पटक बस्नेछ र बैठकमा आवश्यकता अनुसार बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) नगरस्तरीय सहकारी विकास समितिको बैठकको कार्यविधी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -१६

### दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारी :** (१)यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

